का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ असार २०८०,
बिहीबार
6 July 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १६१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# एमाले अडान प्रधानमन्त्रीको राजीनामा

सोमबार राजधानीमा आयोजित एक कार्यक्रममा विवादित अभिव्यक्ति दिएपछि नेकपा एमालेले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको राजीनामा माग गरेको छ ।



प्रधानमन्त्री प्रचण्डको हामीलाई स्पष्टीकरण होइन राजीनामा चाहिन्छ ।

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले





**...भारतको इशारामा, भारतको नेतृत्वमा र भारतको संयोजनमा भएको प्रधानमन्त्री स्वीकार्य छैन, राजीनामा नदिएसम्म सदन चल्दैन ।**

**देवेन्द्र दाहाल**
**नेता, नेकपा एमाले**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० असार ।

प्रमुख प्रतिपक्षी नेकपा एमालेले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको राजीनामा मागेको छ ।

प्रतिनिधिसभाको बैठकमा एमाले संसद पन्तले प्रधानमन्त्रीको अभिव्यक्तिले नेपालको स्वाभिमान गिरेको बताए । आफूहरुकै अग्रसतामा प्रचण्ड प्रधानमन्त्री बनेको उलेख गर्दै उनले भनेका छन्, 'सम्मानीय प्रधानमन्त्री भनौं कि नभनौं जस्तो भएको छ ।'

'रोड्स टु द भ्याली : द लिगेसी अफ सरदार प्रितम सिंह इन नेपाल' पुस्तक बिमोचन कार्यक्रममा सोमबार प्रधानमन्त्री प्रचण्डले एक पटक आफूलाई प्रधानमन्त्री बनाउन प्रितम सिंहले धेरै मिहिनेत गरेको र दिल्ली गएको विवादास्पद अभिव्यक्ति दिएका थिए । एमाले संसद पन्तले प्रधानमन्त्रीको अभिव्यक्ति आपत्तिजनक भएको र यसले नेपालको स्वाभिमान गिरेको बताएका हुन् ।

उनले प्रचण्डको अभिव्यक्तिलाई भारत भ्रमणसँग जोडे । >>> पृष्ठ २ मा

## प्रधानमन्त्रीको राजीनामा मागेका छैनौं : रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफैंले दिएको अभिव्यक्तिका सन्दर्भमा स्पष्टीकरण दिनुपर्ने बताएको छ । प्रधानमन्त्री प्रचण्डले संसदमै स्पष्टीकरण दिनुपर्ने र त्यसउपर आफूहरुले प्रश्न गर्न पाउनुपर्ने माग रास्वपाको छ ।

'हाम्रो प्रधानमन्त्रीको राजीनामा भन्ने कुनै हाम्रो डिमाण्ड थिएन, छैन् पनि । तर, कतिवटा कुरा स्पष्ट पारिदिनुपर्छ सदनमा आएर । सदनमा आएर स्पष्ट पारिदिनुपर्ने कुराहरुमा हामीले प्रश्न उठाउन पाउनुपर्छ' रास्वपाका मनिष झाले पत्रकारहरुसित भने ।



प्रधानमन्त्रीको राजीनामा भन्ने कुनै हाम्रो डिमाण्ड थिएन, छैन पनि । तर केही कुरा स्पष्ट पारिदिनुपर्छ सदनमा आएर । स्पष्ट पारिदिनुपर्ने कुराहरुमा हामीले प्रश्न उठाउन पाउनुपर्छ

**मनिष झा**
**सांसद, रास्वपा**

बिहीबार एमालेले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको राजीनामा माग गर्दै प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैठक चल्न दिएन । एमालेको अवरोध रहादा रास्वपाका सांसदहरुले पनि उठेर समर्थन जनाएका थिए ।

बैठकपछि रास्वपा सांसद झा ले एमालेको राजीनामाको मागमा आफूहरु सहमत नरहेको बताए । एमालेले प्रधानमन्त्रीको राजीनामा >>> पृष्ठ २ मा

मिटरब्याजसम्बन्धी ऐन निष्क्रिय

# सत्तासँग हारेका जनता

२० वैशाखमा सरकारले ल्याएको मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८० को प्रतिस्थापन विधेयक संविधान अनुसार ६० दिनभित्र संसदबाट पारित नभएपछि निष्क्रिय बनेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० असार ।




सरकारले मिटरब्याज पीडितको समस्या समाधानका लागि ल्याएको अध्यादेश निष्क्रिय भएको छ ।

२० वैशाखमा सरकारले ल्याएको मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८० को प्रतिस्थापन विधेयक संविधान अनुसार ६० दिनभित्र संसदबाट पारित नहुने भएका कारण निष्क्रिय भएको हो ।

अध्यादेशको प्रतिस्थापन विधेयक राष्ट्रियसभाले १५ असारमा पारित गरेर प्रतिनिधिसभामा पठाएको थियो ।प्रतिनिधिसभाले बुधबारसम्म पारित गरेर राष्ट्रियसभामा पठाउनुपर्ने थियो र राष्ट्रियसभाले प्रमाणित गरेर राष्ट्रपतिसमक्ष पठाउनुपर्ने थियो ।

तर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफूलाई प्रधानमन्त्री बनाउन भारतीय नागरिक प्रितम सिंह पटक पटक दिल्ली गएको भनी केही दिनअघि दिएको अभिव्यक्तिको विषयलाई लिएर नेकपा एमालेले प्रतिनिधिसभा र राष्ट्रियसभा अवरुद्ध गरेको छ । एमालेको अवरोधपछि राष्ट्रियसभाको बैठक बिहीबार दिउँसो १ बजेसम्मका लागि स्थगित भएको छ ।

संसद सचिवालयका सूचना अधिकारी दशरथ धमलाका अनुसार राष्ट्रियसभाको बैठक स्थगित भइसकेका कारण मिटरब्याजसम्बन्धी अध्यादेशको प्रतिस्थापन विधेयक संविधानले तोकेको अवधि ६० दिनभित्र पारित नहुने बताए ।

सरकारले मिटरब्याज पीडितसँग १८ वैशाखमा सहमति गरेपछि २० वैशाखमा मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० ल्याएको थियो ।

उक्त अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले ५ असारमा राष्ट्रिय सभामा दर्ता गरेका थिए । राष्ट्रिय सभाले १५ असारमा दफावार छलफल गरी सोही दिन पारित गरेर प्रतिनिधिसभामा पठाएको थियो ।

प्रतिनिधिसभामा १८ असारमा सैद्धान्तिक छलफल भएको थियो । तर एमालेले गरेको अवरोधका कारण बुधबार उक्त विधेयकमाथि प्रतिनिधिसभामा पनि छलफल हुन सकेको छैन । सरकारको यो विधेयक फास्ट ट्र्याकमा पारित गर्ने तयारी थियो । >>> पृष्ठ २ मा



**प्रतिनिधिसभाबाट मिटरब्याज सम्बन्धी बिधेयक पारित हुनुपर्थ्यो, तर गरिएन । असफल पारियो भनेर पीडक वा तिनका पक्षधरहरुले सोचेका छन् भने त्यो ठूलो भ्रम हो । पीडितलाई न्याय नदिलाई विश्राम लिइने छैन ।**

**नारायणकाजी श्रेष्ठ**
गृहमन्त्री

# विकल्प बन्न नसकेको मेलम्ची

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० असार ।

काठमाडौंवासीको तिर्खा मेटाउन मेलम्चीको पानी ल्याएको दुई वर्षबितिसक्दा समेत उपत्यकामा नियमित रुपमा पानी आउन सकेको छैन । बाढीले क्षतिग्रस्त हेडवर्क्सस्थल, इन्टेक, सुरुङ गेटको अवस्थामा अझै सुधार आउन नसकेपछि पुनः दुईमहिनाका लागि पानी बन्द हुने भएको हो । करिब २ वर्षअघि असार १ र १७ साउन १७ गते मेलम्चीमा बाढी आउँदा आयोजनाको मुहान क्षेत्र पुरेर धेरै संरचना पुरै क्षतिग्रस्त भएका थिए । त्यसो त, गत जेठमा प्रधानमन्त्री पुष्पकमल दाहाल र राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सनाले मेलम्ची आयोजनाको अवलोकन गरेका थिए । अवलोकन गर्दै प्रधानमन्त्री प्रचण्डले बर्खायाममा पनि सहजै पानी आउने व्यवस्था मिलाउन निर्देशन दिएका थिए । तर, प्रधानमन्त्रीले निर्देशन दिएपनि मेलम्चीको पानी २ महिनाका लागि बन्द भएको छ ।

यता, राष्ट्रियसभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले भने सरकारले मेलम्ची आयोजनालाई प्राथमिकतामा राखेर बजेट नछुट्याउँदा पानी नियमित हुन नसकेको बताएका छन् । उनले अन्य क्षेत्रको बजेट कटौती गरेर भए पनि राष्ट्रिय प्राथमिकता प्राप्त उक्त आयोजानको पुनः निर्माणमा जोड दिनुपर्ने बताएका हुन् ।

'अहिले पानी थिग्र्याएर पठाउने मेसिन तयार भइसकेको छैन, खोलामा धमिलो पानी आउन थालेको छ, त्यसैले साउन र भदौ दुई महिनाका लागि खानेपानी नपठाउने निर्णय भएको हो,' खानेपानी आयोजना विकास समितिका कार्यकारी निर्देशक कमलराज श्रेष्ठले भने । उनले पहिरोले चारैतिरबाट घेरेको र भेमाथाङमा थुप्रिएका ढुंगा, माटो र बालुवा बर्खामा जतिवेला पनि बग्न सक्ने अवस्थामा हुँदा पानी बन्द गरिएको जानकारी दिएका हुन् । बाढीले क्षतिग्रस्त हेडवर्क्सस्थल, इन्टेक, सुरुङ गेटको अवस्था अझै अस्तव्यस्त रहेको छ भने मुहानस्थल अम्बाथानवरपर र भेमाथाङसम्म १५ भन्दा बढी स्थानमा पहिरो देखिएको छ ।

मेलम्चीको पानी बन्द भएपछि पुरानो स्रोत सीमित हुने भएकाले पानी वितरणको तालिका हेरफेर हुने केयूकेएलले जनाएको छ । पानी वितरण गर्ने दिनको सूचना केयूकेएलले वेवसाइट र सामाजिक सञ्जालबाट सूचना प्रवाह गरिने आयोजनाका अधिकारीको भनाई छ । आयोजनाको टनेल रहेको क्षेत्र बाढीपहिरोको हिसाबले निकै जोखिमपूर्ण मानिन्छ । हेडवर्कस मर्मत >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष



### वैदेशिक रोजगारीमा नयाँ रेकर्ड कायम

# मध्य असारसम्म करिब साढे ७ लाख विदेशिए

**काठमाडौं/रासस–** पछिल्लो समय वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिने नेपालीहरुको संख्या बढ्दै गएको छ । वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्षको असार १६ गतेसम्म वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको संख्या करिब सात लाख ४० हजार रहेको छ । उक्त संख्या दिनैपिच्छे बढ्दै गएको विभागले जनाएको छ ।

अघिल्लो आर्थिक वर्षमा झन्डै छ लाख ३० हजार जनाले नेपालबाट वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका थिए । विभागले आर्थिक वर्ष २०५०/५१ यता वैदेशिक रोजगारीमा जानेको तथ्यांक अद्यावधिक गर्दै आएकोमा चालु आर्थिक वर्षमा यसरी श्रम स्वीकृति लिनेको संख्या बढ्दो देखिएको जनाएको हो । नेपालबाट वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको संख्याले नयाँ रेकर्ड बनाएको बताइएको छ ।

वैदेशिक रोजगारीका लागि नेपालीहरु सबैभन्दा धेरै मलेसिया तथा खाडी मुलुक जाने गरेको र चालु आर्थिक वर्षको असार १६ गतेसम्म वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको संख्या सात लाख ४० हजार पुगेको वैदेशिक रोजगार विभागका सूचना अधिकारी तथा निर्देशक गुरुदत्त सुवेदीले जानकारी दिए । उनका अनुसार पछिल्लो समय युरोप जानेको संख्या पनि बढ्दो रहेको र वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर क्रोएसिया, साइप्रस, फ्रान्स, पोल्यान्ड, रोमानियाजस्ता युरोपेली मुलुकमा नेपालीहरु जाने गरेका छन् ।

श्रम स्वीकृति लिएर प्रत्येक महिना कम्तीमा पनि ६० हजारभन्दा बढी युवाहरु वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पुग्ने गरेको निर्देशक सुवेदीले बताए । उनका अनुसार गएको फागुनमा वैदेशिक रोजगारमा ६१ हजार आठ सय ४५ जना गएको देखिन्छ । यसमध्ये युरोप जानेको संख्या धेरै छ । चैतमा वैदेशिक रोजगारीका लागि ६१ हजार चार सय ७८ जनाले श्रम स्वीकृति लिएका थिए । यो नयाँ तथा पुनः श्रम स्वीकृति लिनेको संख्या हो । गत वैशाख महिनामा ५४ हजारभन्दा बढी बाहिरिएका थिए । वैशाखमा विश्वका ९० वटा देशमा ५४ हजार चार सय ५७ जना रोजगारीका लागि गएको विभागको >>> पृष्ठ २ मा

### वैदेशिक रोजगारमा नयाँ युगको शुरुवात : विभाग

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले नेपालको वैदेशिक रोजगारमा नयाँ युगको शुरुवात भएको बताएको छ । विभागले प्रविधिको प्रयोग र स्वचालित प्रणाली अर्थात अटोमेसनका आधारमा श्रम स्वीकृतिको व्यवस्था भएसँगै वैदेशिक रोजगार क्षेत्रमा नयाँ युगको शुरुवात भएको बताएको हो ।

आगामी साउन एक गतेदेखि वैदेशिक रोजगारको श्रम स्वीकृति स्वचालित प्रणाली अर्थात अटोमेसनका आधारमा दिने तयारी गरेको विभागले बुधबारदेखि वैदेशिक रोजगार व्यवसायीले र व्यवसायीका कर्मचारीलाई त्यसबारेमा प्रशिक्षण दिन शुरु गरेको छ । >>> पृष्ठ २ मा

## सूचना

**आदरणीय व्यवसायीज्यूहरु नमस्कार,**

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार विभागले मिति २०८० साउन १ गतेदेखि वैदेशिक रोजगारमा कामदार पठाउँदा अन्तिम श्रम स्विकृति लिन अवलम्बन गरिने प्रक्रियालाई स्वचालित प्रणाली (Automation) बाट गर्न लागेको हुँदा उक्त (Automation) का बारेमा वैदेशिक रोजगार विभागले इजाजतपत्र प्राप्त व्यवसायिक संस्थालाई मिति २०८० असार १३ गतेको पत्रअनुसार २ चरणमा बिहान र दिउँसोमा तालिम सञ्चलन गर्ने समय तलिका प्रकाशन गरिएकोमा मिति २०८० असार २० गतेको तालिमलाई मध्यनजर गरी २ चरणमा गर्न आवश्यक नदेखिएकाले अब उपरान्त बाँकी संस्थाहरुको दिनमा एक चरणमात्र तालिम सञ्चालन गर्ने गरी पुनः पत्र प्राप्त भएकाले तपशिलमा उल्लेखित मिति, समय र स्थानमा तालिम सञ्चालन हुने हुँदा सो तालिममा १ जना सञ्चालक अनिवार्य र संस्थाले सिफारिस गरेको कर्मचारी १ गरी एउटा संस्थाबाट जम्मा २ जना सहभागी भइ दिनुहुन अनुरोध गर्दछौं ।

**मितिः- २०८०-असार-२१ गते**

***इजाजतपत्र नं. ४०१ देखि ८०० सम्म दिउँसो १:३० देखि ६:३० सम्म***

**मितिः- २०८०-असार-२२ गते**

***इजाजतपत्र नं. ८०१ देखि १२०० सम्म दिउँसो १:३० देखि ६:३० सम्म***

**मितिः- २०८०-असार-२३ गते**

***इजाजतपत्र नं. १२०१ देखि माथि सबै दिउँसो १:३० देखि ६:३० सम्म***

**स्थान** : अनुपम फुडल्याण्ड, बत्तिसपुतली काठमाडौं
**नोट** : स्वचालित प्रणाली (Automation) तालिममा आउँदा ल्याप्टप लिएर आउनुहोला ।

**मेघनाथ भुर्तेल**
**महासचिव**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८,९८०१०९७८८८२

# तत्कालीन नि.प्रमुख प्रशासकीय अधिकृतसहित १३ जनाविरुद्ध मुद्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असार

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाराको सिम्रौनगढ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साह कानुसहित १३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

अख्तियारले गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको अभियोगमा सिम्रौनगढ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत कानुसहित लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरी, इन्जिनियर सुरेश कुमार यादव र सव-इन्जिनियर उपेन्द्र कुशवाहाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।



यस्तै अखितयारले सिम्रौनगढ नगरपालिका, वडा नं. २ स्थित रानीवास संग्रहालय निर्माण उपभोक्ता समितिका अध्यक्ष निरंजन प्रसाद कुशवाहा, सचिव रामपाल दास र कोषाध्यक्ष संध्या देवी, सिम्रौनगढ वडा नं. ८ स्थित रामदिनेशको घरदेखि कचोर्वा बजारसम्मको सडक ढलान निर्माण कार्य उपभोक्ता समितिका अध्यक्ष संजय यादव, सचिव दिपेन्द्र चौधरी र कोषाध्यक्ष विजुली देवी तथा सिम्रौनगढ वडा नं. २ स्थित रानीवास खेल मैदान निर्माण उपभोक्ता समितिका अध्यक्ष सोनालाल प्रसाद यादव, सचिव नन्द किशोर साह कानु र कोषाध्यक्ष गीता कुमारी साहविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ।

सिम्रौनगढ नगरपालिका-२ को रानीबास संग्रहालय भवन निर्माण र अन्य दुई योजनामा काम भएको भन्दा करिब ६ लाख रुपैयाँ बढी भुक्तानी दिएको/लिएको अख्तियारको आरोप छ। रानीबास संग्रहालय भवन निर्माणमा ४ लाख २ हजार ९८० रुपैयाँ २० पैसा बढी भुक्तानी दिएको अख्तियारको दावी छ। त्यस्तै सिम्रौनगढ नगरपालिका-८ रामदिनेशको घरदेखि कचोर्वा बजारसम्मको सडक ढलानमा ८१ हजार ९६३ रुपैयाँ ४५ पैसा बढी भुक्तानी दिएको अख्तियारको दाबी छ। यस्तै सिम्रौनगढ नगरपालिका-२ स्थित रानीबास खेल मैदान निर्माणमा १ लाख ५६८ रुपैयाँ ७५ पैसा बढी भुक्तानी दिएको अख्तियारको दाबी छ।

# विद्युत नियमित सुचारु गर्न माग गर्दै आन्दोलनको घोषणा

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २० असार



रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकामा विद्युत नियमित सुचारु गर्न माग गर्दै आन्दोलन गरिने भएको छ। मंगलबार ३ नं वडा कार्यलयमा बसेको बैठकले विद्युत नियमित सुचारु गर्न माग गर्दै आन्दोलन गर्ने निर्णय गरेको वडा नं ३ का अध्यक्ष तिलबिर केसीले बताए।

आफ्नै पालिकामा निर्माण भएको विद्युतलाई डोल्पालगायत अन्य जिल्लामा नदिइने उनले बताए। बाँफिकोट गाउँपालिकामा धेरै जसो लोडसेडिङ हुने गरेको छ। बाँफिकोट गाउँपालिका वडा नं ३ भाग्लेबाट उत्पादित विद्युत यसै पालिकामा खपत गर्नुपर्ने सर्वदलीय बैठकको जोड थियो। सात दिनभित्र नेपाल विद्युत प्राधिकरणलाई गाउँपालिकाको निर्णय मान्न अनुरोध गरिएको केसीले बताए। केन्द्रीय प्रसारण लाइनलाई डोल्पा खदिमा नदुवाबाट जोड्ने गरी कार्यनयन गर्न दबाब दिने निर्णय भएको उनले जानकारी दिए।

साथै नेकपा माओवादी केन्द्र बाँफिकोट गाउँपालिकाका अध्यक्ष चन्द्रबहादुर केसीको संयोजकत्वमा दबाब दिने गरी १५ सदस्यीय संघर्ष समिति गठन गरिएको छ। यस्तै विद्युत काउन्टर राख्न पनि बैठकले अनुरोध गरेको छ।

# विपन्न मुसहर महिलाहरुलाई बाख्रा, पाडी र बंगुर वितरण

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २० असार




सर्लाहीको बसबरीया गाउँपालिका-३ बंगलवाका अतिविपन्न मुसहर महिलाहरुलाई मंगलबार बाख्रा, पाडी र बंगुर वितरण गरिएको छ। गरिब तथा विपन्न मुसहर समुदायका महिलाहरुको जीविकोपार्जनमा सहयोग गर्ने उद्देश्यले साउथ एसिया पार्टनरसीप नेपाल (साप नेपाल) नामक गैरसरकारी संस्थाले ८ घरपरिवारलाई बाख्रा, ३ जनालाई भैंसीको पाडी र ३१ जनालाई बंगुर सहयोग गरेको हो। पशु खरिदका लागि साप नेपालले समूहलाई तीन लाख रुपैयाँ उपलब्ध गराएको थियो। उनीहरु स्वयम् आफैंले गाँउ तथा हाट बजारबाट पशु किनेर ल्याएका थिए। महिलाहरुलाई स्थानीयस्तरमा नै रोजगारीको अवसर सिर्जना गरेर आयआर्जन गर्ने उद्देश्यले पशुचौपाया वितरण गरिएको साप नेपालका प्रादेशिक संयोजक जनक कार्कीले बताए। उक्त टोलका अधिकांश मुसहर बालबालिकाहरुको नगरिकता, जन्मदर्ता नभएका कारण सरकारले दिने सेवा सुविधाबाट समेत बञ्चित हुनु परेकोले विगत एक वर्षदेखि साप नेपालले जन्मदर्ता र विद्यालय भर्ना अभियान चलाउँदै आएको छ।

अण्डेपर्को आर्थिक सहयोग र साप नेपालको आयोजनामा सञ्चालित लैंगिक उत्तरदायी सुशासन प्रवर्द्धन कार्यक्रमअन्तर्गत बसबरीया गाउँपालिका वडा नं.३ बंगलवामा मुसहर महिला सशक्तीकरण मञ्चका सदस्यहरुलाई जेण्डर, समूह व्यवस्थापन, नेतृत्व विकास, सामाजिक मूल्यमान्यता तथा बहुविवाहविरुद्ध सचेतना कार्यक्रम सञ्चालन हुँदै आएको छ। यसका साथै स्थानीय योजना निर्माण तथा लैंगिक उत्तरदायी बजेटसम्बन्धी अनुशिक्षण कार्यक्रम र रिफ्लेक्ट कक्षाहरु पनि सञ्चालन हुँदै आएको छ।

# गौचन हत्या प्रकरण : बस्नेतलाई जन्मकैदको फैसला

**काठमाडौं/मस**-जिल्ला अदालत काठमाडौंले नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष शरदकुमार गौचनको हत्यामा दोषी ठहर समीरमान सिंह बस्नेतलाई जन्मकैदको फैसला सुनाएको छ।

न्यायाधीश केशवप्रसाद घिमिरेको इजलासले बुधबार बस्नेतलाई जन्मकैदको फैसला सुनाएको हो। अदालतले गौचनको हत्यामा संलग्न भएको आरोपमा उनलाई यसअघि नै दोषी ठहर गरेको थियो भने सजाय निर्धारण बुधबार भएको हो। अदालतले सही आरोपमा दोषी ठहर भएका लोप्साङ लामालाई १५ वर्ष, माया शेरचनलाई १० वर्ष कैद सजाय र ६० हजार रुपैयाँ जरिवाना निर्धारण गरेको छ। गौचनको २०७४ असोज २३ गते काठमाडौंको बानेश्वरमा गोली हानी हत्या भएको थियो।

उक्त हत्या अभियोगमा २४ जनाविरुद्ध कर्तव्य ज्यानको कसुरमा मुद्दा दायर भएको थियो। बस्नेतलाई अदालतले पुर्पक्षका लागि केन्द्रीय कारागार सुन्धारामा राखेको छ। यस्तै सोही घटनामा संलग्न धनराज योङहाङ, श्यामबहादुर गुम्वी, रोशन बुढाथोकी र राजिव स्याङताङलाई जनही ५ वर्ष कैदको फैसला भएको छ। बसन्त थेवे र मनोज बुढा मगरको निधन भइसकेकाले दाबी खारेज गरिएको छ। यस्तै यही मुद्दाका प्रतिवादीहरु प्रकाश बुढाथोकी, सन्तोष गुरुङ, बिवजी महतो, सुर्यबहादुर बादी, राजकुमार साह, मुकेश कुमार पाण्डे र श्याम गुप्ताले सफाइ पाएका छन्।

यो मुद्दाका ७ प्रतिवादी भने अझै फरार छन्। गंगाप्रसाद लिम्बु, अजय थापा, समिकला राई, प्रवेश नायव, सुजा थक्सु बाजी, सुधिरकुमार साह र प्रदीपकुमार झा फरार छन्।

# ठेहे स्वास्थ्य चौकी पोषणमैत्री घोषणा

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २० असार

१६ वटा सूचकहरु पार गर्दै हुम्लाको सिमकोट गाउँपालिका वडा २ मा रहेको ठेहे स्वास्थ्य चौकी पोषणामैत्री घोषणा भएको छ। बुधबार एक कार्यक्रमका बीच ठेहे स्वास्थ्य चौकीलाई पोषणमैत्री घोषणा गरिएको हो। सूचकमा २०७७ साउनदेखि २०८० असारसम्म ९० जना सुत्केरी गराएको पनि समावेश रहेको स्वास्थ्य चौकीका प्रमुख दानबहादुर बोहराले बताए। प्रमुख बोहराका अनुसार स्वास्थ्य चौकीमा नियामित गर्भजाँच पनि हुने गरेको छ। तीन वर्षदेखि घरमा सुत्केरी नगराई स्वास्थ्य चौकीमा गराइएको पनि सूचकमा उल्लेख गरिएको छ।

स्वास्थ्य चौकीमा सुत्केरी भएकी आमाले स्वास्थ्य संस्थाबाट पाइने सबै सेवा सुविधा पाएको स्थानीय ललिता भन्डारीले बताइन्। स्वास्थ्य चौकीमा बालबालिकालाई लाग्ने विभिन्न रोगका साथै कडा खालको कुपोषणका लागि पनि बहिरंग उपचार केन्द्र स्थापना गरिएको छ। जिल्ला स्वास्थ्य कार्यलयका जनस्वास्थ्य निरीक्षक दन्दबहादुर शाहीले रैथाने बालीमा जोड दिए पोषणमैत्री निरन्तर हुने बताए। छोटो समयमा ठूलो जनसंख्या भएको वडामा पोषणमैत्री घोषणा गर्नु ठूलो उपलब्धि भएको गाउँपालिका कोभिड फोकल पर्सन मनमाया वलीले बताइन्।

स्वास्थ्य चौकी पोषणमैत्री घोषणा हुँदा गाउँ नै खुसी भएको वडा अध्यक्ष देवजन बोहराले बताए। वडा अध्यक्ष बोहराले बजारको भन्दा पनि गाउँघरमा उत्पादन हुने खानेकुरालाई प्रथामिकता दिए पोषण पाइने बताए। वडाध्यक्ष बोहराको अध्यक्षतामा भएको पोषणमैत्री घोषणा कार्यक्रमको प्रमुख अथिति जिल्ला स्वास्थ्य कार्यलयका जनस्वास्थ्य निरीक्षक शाही, अतिथि गाउँपालिका कोभिड फोकल पर्सन वली, पत्रकार महासंघ हुम्लाका पूर्वअध्यक्ष अर्जुन बोहरा, सप्रोस नेपालकी सीता खड्का तथा सञ्चारकर्मी रहेका थिए। कार्यक्रममा स्वास्थ्यकर्मीका साथै स्थानीय, सुरक्षाकर्मीलगायतको सहभागिता रहेको थियो।

# स्थानीय तहको ऐन कानूनसम्बन्धी तीनदिने तालिम शुरु

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २० असार

रौतहटको कटहरिया नगरपालिका सदस्य तथा कर्मचारीहरुका लागी स्थानिय तहको ऐन कानूनसम्बन्धी तीनदिने तालिम शुरु भएको छ। नगर प्रमुख अजय प्रकाश जयसवालले नगरपालिकाको सभा हलमा तालिमको उद्घाटन गरे।

तालिमको उद्घाटनको अवसरमा उपमेयर रितादेवी यादव, प्रमुख प्रशासकीय अधिकृत राम प्रकाश साहलगायतको उपस्थिति रहेको कार्यपालिका सदस्य मनोज जयसवालले बताए। तालिममा वडा अध्यक्ष, कार्यपालिका सदस्य, पालिकाका कर्मचारीहरुको उपस्थिति रहेको थियो।यसैबीच कटहरिया नगरपालिकामा सञ्चालित राष्ट्रिय परिचय पत्र दर्ता गर्ने कार्य विधिवतरुपमा अनलाइन प्रणालीमार्फत प्रविष्ट हुने भएको छ। नगर प्रमुख जयसवालले अनलाइन दर्ता गराई राष्ट्रिय परिचयपत्रलाई अनलाइन प्रणालीबाट प्रविष्ट गर्ने कार्य शुरुवात गरेका छन्। कटहरिया नगरपालिकाभित्र रहेका सम्पूर्ण सेवाग्राहीलाई यसबारे जानकारी दिनका लागि सबै वडा कार्यालयमा पत्रचार गरिएको नगरप्रमुख जयसवालले बताए।

## एमालेले...

हालै भारत भ्रमणमा जानुअघि आफूहरुले १९५० को सन्धि, ईपीपीको प्रतिवेदनबारे कुरा गर्न आग्रह गरेको भएपनि प्रधानमन्त्रीले विश्वासको वातावरण धमिलने भएकाले ईपीपीको कुरै उठाइन् भनेको स्मरण गरे।

उनले प्रधानमन्त्रीले उपलब्धी भनेर दाबी गरेको १० हजार मेघावाट विजुली निर्यातको सहमतिमा समेत प्रश्न उठाए। कुनै बेला भारतीय अधिकारीहरुले भुटानको मोडलमा जान सल्लाह दिएको स्मरण गर्दै एमाले सांसद पन्तले भने, भारतले तेस्रो देशको लगानी हुनुहुँदैन भनेर शर्त राखेको छ। अर्थात नेपालको जलस्रोत एकलौटी भारतको कब्जामा जाने नीति मानेर आउनुभयो।'

राष्ट्रिय सभाको बैठकमा राष्ट्रिय सभामा एमाले संसदीय दलका नेता देवेन्द्र दाहालले दिल्लीको इशारामा बनेको प्रधानमन्त्री आफूहरुलाई स्वीकार्य नभएको बताए। दाहालले भनेका छन्, '...भारतको इशारामा, भारतको नेतृत्वमा र भारतको संयोजनमा भएको प्रधानमन्त्री हामीलाई स्वीकार्य छैन, प्रधानमन्त्रीले राजीनामा नदिएसम्म बैठक चल्न दिँदैनौं।'

प्रतिनिधिसभाको बैठकपछि प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको स्पष्टीकरण नभई राजीनामा नै चाहिने बताए।

बिहीबार प्रतिनिधिसभाको बैठकबाट बाहिरिने क्रममा पत्रकारहरुले सोधेको प्रश्नमा जवाफ दिँदै एमाले अध्यक्ष ओलीले प्रधानमन्त्रीले राष्ट्रिय स्वाभिमान, स्वाधीनता विपरीत अभिव्यक्ति दिएका कारण राजीनामा दिनुपर्ने बताएका हुन्।

'प्रधानमन्त्रीले स्पष्टीकरण दिन्छु भन्नुभएको छ नि' भन्ने पत्रकारको प्रश्नमा ओलीले भने, 'हामीलाई स्पष्टीकरण होइन राजीनामा चाहिन्छ।' एमालेको अवरोधका कारण प्रतिनिधिसभाको बैठक शुक्रबार दिउँसो ३ बजेसम्मका लागि र राष्ट्रिय सभाको बैठक बिहीबार दिउँसो १ बजे सम्मका लागि स्थगित भएको छ।

## प्रधानमन्त्रीको...

माग गरेको सन्दर्भमा उनी भन्छन्, 'अरु दलले मागेको कुराको हामी जिम्मेवारी लिँदैनौं।'

रास्वपा सांसद झा ले आफूहरु एमालेको साथमा संसदमा नउभिएको पनि प्रष्टीकरण दिएका छन्।'हामी उभिदै गर्दा उहाँहरु पनि उभिनुहुन्छ भने उहाँहरुको साथमा उभिएको होइन' उनी दोहोऱ्याउँछन् 'हामीले प्रधानमन्त्रीको राजीनामा मागिरहेका छैनौं। केही कुराहरुमा हाम्रो आशंका छ, आक्रोशको छ त्यो कुराहरुमा प्रधानमन्त्रीले आएर स्पष्ट पारिदिनुपर्छ।'

संचारमाध्यउममा एमाले र रास्वपालाई जोडेर आउने गरेको भन्दै उनले त्यसप्रति समेत असन्तुष्टि जनाए। सांसद झा भन्छन्, 'उहाँहरुको राजनीतिक अस्तित्व र परिचय फरक छ। मिडियाले पटक पटक हामीलाई एमालेसँग जोडेर जुन हाम्रो परिचय स्थापित गर्न खोजिरहेको छ त्यो गलत छ।' आफूहरु फरक मतले, फरक पहिचानले, फरक सिद्धान्तले र फरक दलको परिचयले संसदमा पुगेको सांसद झा बताउँछन्।

## मिटरब्याजसम्बन्धी...

मिटरब्याज सम्बन्धी ऐन निष्कृय भएपछि गृहमन्त्री नारायणकाजी श्रेष्ठले असन्तुष्टि व्यक्त गरेका छन्।

उनले फेसबुकमा लेखेका छन्, 'आज म धेरै आहात भएको छु। आज प्रतिनिधिसभाबाट मिटर ब्याज सम्बन्धी बिधेयक पारित हुनुपर्थ्यो। तर गरिएन। आजै देखि यस सम्बन्धमा जारी गरिएको अध्यादेश निष्कृय भएको छ। यसबाट को पिडीत जनताको पक्षमा छ र को बिपक्षमा छ भन्ने स्पष्ट भएको छ।'

मिटरब्याजलाई सामन्ती शोषणको अवशेषको रुपमा लिँदै उनले लेखेका छन्, 'सामन्ती शोषणको अवशेषको हरहालतमा अन्त्य गरिनेछ। पिडितलाई न्याय दिने यो अभियान लाई असफल पारियो भनेर पिडक वा तिनका पक्षधरहरुले सोचेका छन भने त्यो ठुलो भ्रम हो। पिडीतलाई न्याय नदिलाई बिश्राम लिईने छैन।'

उनका अनुसार आयोगले काम जारी राख्नेछ। प्रजिअ कार्यालयमा सहजिकरण समितिको काम निरन्तर अघि बढ्नेछ। बिधेयक संसदको प्रकृयामा रहेकाले पुनः बढाईने र कानुन बनाइछाड्ने उनको दृढता छ। उनले लेखेका छन्, 'तसर्थ पिडितहरुलाई निरास नहुन र सकृयताका साथ यो मुक्ति अभियानमा निरन्तर लागिरहन अपील गर्दछु। न्याय र बिजय सुनिश्चित छ।'

## खानेपानीको...

गरेर वर्षामा पनि पानी वितरण नरोकिने गरी संरचना बनाईने दाबी गरेको दुईवर्षबित्दा पनि मेलम्चीको पानी नियमित हुन सकेको छैन। जसले गर्दा उपत्यकामा पानीको राम्रो विकल्प बन्ने दाबी गरिएको मेलम्ची आयोजना आशामा मात्रै सीमित भएको छ।

## वैदेशिक...

तथ्यांकमा उल्लेख छ। असार महिनामा पुनः श्रम स्वीकृति लिएर २१ हजार १७ जना विदेशिएका छन् भने ३३ हजार चार सय ४० जनाले नयाँ श्रम स्वीकृति लिएर विदेशिएका छन्। विदेशिनेमा ४९ हजार पाँच सय नौ पुरुष र चार हजार नौ सय ४८ महिला छन्।

पछिल्लो समय नेपाली युवाको आकर्षण बढ्दै गइरहेकाले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, नियमित र मर्यादित बनाउने योजना पनि सरकारले अघि सारेको विभागको भनाइ छ। यस्तै सीपयुक्त जनशक्ति विकास गरी रोजगारी र स्वरोजगार वृद्धि गर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको योजना रहेको छ। आन्तरिक रोजगारी पनि प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने लक्ष्य लिइएको मन्त्रालयले जनाएको छ।

यसैगरी गएको दुई महिनामा नेपालमा काम गर्न झन्डै एक हजार चार सय विदेशी नागरिकले श्रम स्वीकृति लिएका श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका निमित्त महानिर्देशक मणिनाथ गोपले जानकारी दिए।

## वैदेशिक...

प्रशिक्षणको वैदेशिक रोजगार कार्यालय ताहाचलकी प्रमुख पार्वती खड्का तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले संयुक्तरूपमा गरेका थिए। प्रशिक्षण उद्घाटनका क्रममा स्वागत मन्तव्य राख्दै विभागका निर्देशक गुरूदत्त सुवेदीले विभागले गरेको युगान्तकारी परिवर्तनलाई व्यवसायीले इमानदारिताका साथ उपयोग गर्नुपर्ने धारणा राखे।

अटोमेसन सञ्चालनमा आएपछि व्यवसायी आफैंले विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मा मागपत्र, अन्तर्वार्ता मिति, कामदारको छनोट सूची अपलोड गरेर व्यवसायी वा व्यवसायीका कर्मचारीले अन्तिम श्रम स्वीकृति निकाल्न सक्ने विभागले बताएको छ। विभागले श्रम स्वीकृतिको सबै अधिकार व्यवसायीलाई दिने र गलत गरेमा लाइसेन्स खारेजीसम्मको कारबाही गर्ने बताएको छ। अटोमेसन प्रणाली कार्यान्वयनमा आएपछि पूर्व र अन्तिम श्रम स्वीकृतिका लागि फाइल बोकेर म्यानपावर कम्पनीका सञ्चालक वैदेशिक रोजगार कार्यालयहरूमा जानुनपर्ने विभागको भनाइ छ।

उक्त प्रणालीबाट काम शुरु भए श्रम स्वीकृतिका लागि आएका आवेदनको विवरण प्रमाणीकरण र अनुगमनको काम पनि अधिकृत तहका कर्मचारीहरूले मात्रै गर्ने विभागले जनाएको छ।


## कतारमा रोजगारको अवसर | कम्पनी: Astrea Group Trading & Contracting WLL
शहर: Doha

पूर्व स्वीकृत मितिः२०८०/०३/२० चलानी नं.:६०२०४२५३ L.T. No.:288938

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २८ गते (13 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Fishtail Overseas Pvt Ltd Estd : 2073
Govt. Lic. No. 1286/074/075
FISHTAIL OVERSEAS PVT. LTD.
PO Box No: 947, Samakhusi :-29, Gangabu, Kathmandu, Nepal
Tel : 01-4386382, 01-4389757, E-mail : fishtailoverseas508@gmail.com



## यूएईमा रोजगार | कम्पनी : ACCURO CATERING SERVICES LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०३/२० चलानी नं.: ६०२०४२६९ LT. No.: 288933

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping Cleaners | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Stewards | 75 | 50 | | 1000 | ३५,६५० | | | | | | | |
| 3. | Waiter | 75 | 0 | | 1000 | ३५,६५० | | | | | | | |
| 4. | Waitress | 0 | 75 | | 1200 | ४२,७८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २८ गते (13 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Sagar
Gov. Lic No. 895/067/068
Sagar Recruitment Pvt. Ltd.
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232, 01-4542285
Mobile: 9801049208, 9801049209,9801049210, 9801049211, 9801049212, 9801049213
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np



## Kuwait मा रोजगार | Dulcis Sweets and Pastries Company

पुन विज्ञापन। पूर्व स्वीकृती मितिः २०७८/०९/१२ चलानी नं. ६०१७१३८७ LT. NO. 254755

| सि नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Kitchen Helper | 01 | 00 | काममा दक्ष | 120 | ५१,३८३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | निःशुल्क |

अन्तरवार्ता २०८० असार २८ गते (13 July, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

EURO ASIA
Euro Asia H.R. Solutions Pvt. Ltd.
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4980875, 4965521


## सबैला नगरपालिक
## नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

## सूचना प्रकाशन सम्बधमा

**प्रकाशित मितिः २०८०/०३/२१**

उपरोक्त सम्बन्धमा सबैला नगरपालिका धनुषामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) अन्तर्गत उधमीहरुबाट तयार भएको वस्तु खरिद गर्न तपशिल बमोजिम सम्पर्क गर्नहुन सम्बन्धित सबैका लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपशिल**

१. सिलाई कटाई सम्बन्धि सबै प्रकारको कपडाहरु सिलाउन चाहेमा सबैला नगरपालिका वडा नं. ०२ मा सम्पर्क गर्नु होला। सम्पर्क व्यक्ती आरती महासेठ मो. ९८२५८८६७६०
२. स्थानीय रुपमा उत्पादित तरकारी तथा अन्न वाली चाहिएमा सबैला नगरपालिका वडा नं.०२ र वडा नं. ०४ मा सम्पर्क गर्नु होला। सम्पर्क व्यक्ती राम दयाल पूर्वे वडा नं. ०२ को लागि मो. ९८१७८९९२९५, सम्पर्क व्यक्ती भरत प्रसाद यदव वडा नं.०४ को लागि मो. ९८१२००७२०१
३. हाउस वाईरिङ्ग सम्बन्धित कुनै पनि प्रकारको सेवा चाहिएमा सबैला नगरपालिका वडा नं. १० मा सम्पर्क गर्नु होला। सम्पर्क व्यक्ती फिरण दाश मो ९८१७६७१७८६

**प्रमुख प्रशासकीय अधिकृत**

# नक्कली नागरिकता लिएको आरोपमा उपमेयर यादव प्रहरी नियन्त्रणमा

पिन्टु यादव/मध्यान्ह
सप्तरी, २० असार

सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिराकुमारी यादव प्रहरीकोमा स्वयं उपस्थित भएकी छन् । नागरिकतासम्बन्धी आरोपमा अदालतबाट पक्राउ पुर्जी जारी भएपछि उपप्रमुख यादव बुधबार जिल्ला प्रहरी कार्यालय राजविराजमा उपस्थित भएकी हुन् ।



उच्च अदालत जनकपुरको परमादेशपछि दुई दिनअघि यादव र उनका श्रीमान महेन्द्रकुमार यादवविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो। पक्राउ पुर्जी जारी भएपछि उपप्रमुख यादव आफैं प्रहरीसमक्ष उपस्थित भएकी हुन् । सोही नगरपालिका वडा नं. ४ का ३५ वर्षीय कृष्णकुमार यादवले उपप्रमुख र उनका श्रीमानविरुद्ध जिल्ला प्रशासन कार्यालयमा साउनको दोस्रो साता उजुरी दिएका थिए । उक्त उजुरी उपर कारबाही प्रक्रिया अघि नबढाएको भन्दै उनले उच्च अदालतमा परमादेशका लागि तीन महिनाअघि निवेदन दिएका थिए । उजुरीमा उपप्रमुखका पति महेन्द्र भारतको बिहार राज्यअन्तर्गत सुपौल जिल्ला निवासी रहेको उल्लेख छ । आरोपितहरु विधानसभा निर्वाचन क्षेत्र बिहार निर्वाचन नामावली भाग सं.५१ अनुसार श्रीमान श्रीमती दुवै भारतीय नागरिक रहेको दाबी गरिएको छ । उपप्रमुख, उनका श्रीमान र छोरा इन्द्रजीतले डाक्नेश्वरी नगरपालिका ६ अन्तर्गत साविकको औरही गाविस-३ बाट झुटो विवरणको आधारमा नागरिकता प्रमाणपत्र लिइ उपप्रमुखको पद धारण गरी संवेदनशील न्यायिक समितिको संयोजक पदमा बसेर पदीय दायित्व दुरुपयोग गरिरहेको उजुरीमा उल्लेख छ ।

उच्च अदालतमा दायर मुद्दामा गत जेठ ५ गते न्यायाधीशद्वय हरिप्रसाद भण्डारी र तेजनारायण सिंह राईको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालयको नाममा परमादेशको आदेश जारी गरेको थियो ।

प्रहरीकोमा उपस्थित हुनुअघि उपप्रमुख यादवले आरोपहरु गलत रहेको जिकिर गर्दै अनुसन्धान सहजताका लागि कानूनमाथि विश्वास राख्दै उपस्थित हुन लागेको बताएकी थिइन्। निर्वाचनमा पराजित हुनेहरुले नक्कली कागजात पेश गरी झुटा मुद्दा दायर गरेको दाबी गर्दै उपप्रमुख यादवले आफू नेपाली नागरिक रहेको र अदालतबाट पुष्टि हुने विश्वास व्यक्त गरिन्। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-४ मधवापुरमा जन्मे, हुर्केको, पढेको र जागिर खाएको तथा सप्तरीकै डाक्नेश्वरी नगरपालिका-६ मा विवाह गरेको बताउँदै उपप्रमुख यादवले राजनीतिक पूर्वाग्रह राखि दिएको झुटा उजुरी खारेज हुने विश्वास व्यक्त गरिन् ।

# मोतिपुर–मलहनमा जोड्ने सडकको हरिबिजोग

रामएकवाल राम/मध्यान्ह
लहान, २० असार

सिरहाको मोतिपुर मलहनमा जोड्ने सडकखण्ड बर्खा लागेसँगै यतिबेला हरिबिजोग भएको छ । सिरहा लहान नगरपालिकाभित्र पर्ने वडा नं.२१ को वडा कार्यालयदेखि मोतिपुर मलहनमासम्म जोड्ने सडकखण्ड हरिबिजोग भएको हो । सडकखण्ड हिलाम्मे भएपनि



जनप्रतिनिधिको ध्यान भने पुग्न सकेको छैन् ।

उक्त सडक निर्माणको काम ॐ साइराम कन्ट्रक्सन प्रा.लि.ले लिएको थियो । तर काम भने हुन सकेको छैन । योसँगै मधेसका अधिकांश हुलाकी सडकहरुमा वर्षाको समयमा आवात जावतमा कठिनाइ भएको छ। समयमै मर्मत सम्भारमा स्थानीय सरकारले ध्यान नदिँदा ग्रामिण बस्तीका सडकहरु हिलाम्मे भएपछि आवत जावतमा कठिनाइ भएको छ।

## मलेसियामा रोजगार | कम्पनी: V-GLOBAL SECURITY SERVICES SDN.BHD.
शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/१२/२८ चलानी नं.: ६०१९९९२४ LT. No.: 284605 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 47 | 0 | स. काममा दक्ष | 1500 | ४२२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २८ गते (13 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्रा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

GOVT. LIC. NO.: 1594/079/80
**Global Dynamic Manpower Solution Pvt.Ltd.**
Sinamangal-09, Kathmandu, Nepal | 01-4593645 | Email: Globaldynamics1594@gmail.com

## साउदीमा रोजगार | कम्पनी: AWAIDA ALIAN BARAKA AL-RASHIDI CONTRACTING EST.
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०३/२० चलानी नं.: ६०२०४२६५ LT. No.:288936

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४१८९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 3 | 0 | | 1200 | ४१८९२ | | | | | | | |
| 3. | Smith | 4 | 0 | | 1200 | ४१८९२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २८ गते (13 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: १६७/०५६/०५७
**कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.**
सामाखुसी, काठमाडौं, फोन: ४३६०६१५, ४३६१९१६, ४३८५४९९, ४३८५६८९, ४३५३८२६
फ्याक्स: ४३६०६१६, E-mail : info@kantipuroverseas.com/kantipuros@hons.com.np

## भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन
वागमती प्रदेश, नेपाल

**सूचना ! सूचना ! ! सूचना !!!**

प्रकाशित मितिः २०८०/०३/२१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०७९ बमोजिम महानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका उद्योग तथा व्यवसायहरु सम्बन्धित स्थानीय तहमा अनिवार्य दर्ता गरि सञ्चालन गर्नुपर्ने प्रावधान अनुसार आफ्नो स्वामित्वमा रहेको उद्योग, व्यवसाय समयमै महानगरपालिकामा दर्ता तथा नविकरण गराउनुहुन र करको दायित्व भित्र पर्ने सम्पूर्ण करहरु (सम्पत्ति कर, मालपोत तथा भुमि कर, घर बहाल कर लगायतका अन्य करहरु) समयमै भुक्तानी गरि जरिवानाबाट बचौं समृद्ध र सुसंस्कृत भरतपुर महानगर बनाउने अभियानमा जुटौं ।

## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

**Kathmandu Orientation (P) Ltd.**
**Nippon Medical Center (P) Ltd.**
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )

## BAHRAIN मा रोजगारको अवसर | कम्पनी: PARKY WOODEN LAND FURNITURE
शहर: Bahrain

पूर्व स्वीकृत मितिः २०७९/१०/१२ चलानी नं.: ६०१९५६४५ LT. No.: 280174 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४१६७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 0 | 2 | | 100 | ३४७३१ | | | | | | | |
| 3. | Office Boy | 1 | 0 | | 100 | ३४७३१ | | | | | | | |
| 4. | Labour | 2 | 0 | | 120 | ४१६७७ | | | | | | | |
| 5. | Sales Girl | 0 | 1 | | 130 | ४५१५० | | | | | | | |
| 6. | Sales Man | 1 | 0 | | 130 | ४५१५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २८ गते (13 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत नं. १५६६/०७९/०८०
**P.T.SWIFT HR MANAGEMENT PVT. LTD**
Dhumbarai-4, Kathmandu (Opposite of Vibor Hotel),
Landline No.: 01-5915721, Email: ptswifthr11@gmail.com
Contact No.: 9823668160 | 9851180471

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: CLEANCO TRADING, IMPORTING & SERVICES LLC - SOLE PROPRIETORSHIP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०२/०१ चलानी नं.: ६०२०१४२६ L.T. No.: 285975 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 331 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Female | | 315 | | 900 | ३२,०८५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० असार २८ गते (13 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob: 9845297209, 9841250386)

## कतारमा रोजगार | कम्पनी: Darwish Interserve Facility Management
शहर: QATAR

पुर्व स्वीकृत मिति: २०७९/१२/०९ चलानी नं.: ६०१९८६५३ L.T. No.: 283357 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 99 | 0 | स. काममा दक्ष | 1000 | ३५,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २८ गते (13 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**QATAR INTERNATIONAL MANPOWER PVT. LTD.**
2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9849664971
E-mail: info@qim.com.np

Government of Nepal
**Ministry of Energy, Water Resources & Irrigation**
**Department of water Resources & Irrigation**
## Mahakali Irrigation Management Office (MIMO)
Mahendranagar, Kanchanpur

## INVITATION FOR ONLINE BID

**(Date of publication: 2080-03-21)**

1. Mahakali Irrigation Management Office, Kanchanpur invites electronic bids from the Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| SN | IFB No. | Name of works | Estimated Amount without VAT & contingencies, NRs | Bid validity periods Bid security validity period, days | Bid security amount, NRs | Bid Document fee, NRs |
|---|---|---|---|---|---|---|
| 1 | MIMO/AMIS-05/079-080 | Extension of existing drain underpass structures | 1,13,67,540.95 | 90/120 | 2,85,000.00 | 3,000.00 |
| Deadline for Bid Submission | 2080/04/21 (6th August 2023), till 12.00 Noon | | | | | |
| Date, time and place of pre-bid meeting | 2080/04/10 (26th July 2023), 11.00 AM, MIMO, Mahendranagar, Kanchanpur | | | | | |
| Date, time and place of Bid opening | 2080/04/21 (6th August 2023), 1.00 PM, MIMO, Mahendranagar, Kanchanpur | | | | | |

2. For Further information's kindly visit at the office of Mahakali Irrigation Management Office, Mahendranagar, Kanchanpur. Telephone 099-521190 or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Office Chief**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
